स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
मध्यपुर थिमि नगरपालिका
Local Government
Madhyapur Thimi Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of Municipal Executive
थिमि, भक्तपुर, बागमती प्रदेश, नेपाल
Thimi, Bhaktapur, Bagmati Province, Nepal
6630225
6630046
6631405
6635704
Ambulance : 6631000
Fax: 977-1-6630225
Website:www.madhyapurthimimun.gov.np

Ref. No.: २५६०

मिति:२०८१।०१।१७
ने.सं.११४४ चौलागा ५ सोमवार

सुचना ! सुचना !! सुचना !!!

**"समुदायमा आधारित पुनर्स्थापना (सी.बी.आर.) कार्यक्रममा प्रस्तावना पेश गर्ने सम्वन्धि सूचना "**

प्रस्तुत विषयमा वागमती प्रदेश सामाजिक विकास मन्त्रालयको शर्सत कार्यक्रम एवं यस न.पा.को आ.व.(०८०/०८१) को स्वीकृत वार्षिक कार्यक्रम अनुरुप अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुर्स्थापना (सी.बी.आर.)कार्यक्रम अपाङ्गता भएका व्यक्तिको संस्था वा अपाङ्गता भएका व्यक्तिका अभिभावकहरुको संस्थाहरुसंगको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सञ्चालन कार्यविधि २०८० को प्रावधान अनुरुप कार्यक्रम संचालन गर्न **यो सुचना** जारी गरेको मितिले ७ दिन (अन्तिम दिन विदा परेमा त्यसको पछिको कार्यालय लाग्ने दिन) भित्र योग्यता पुगेको इच्छुक गैर सरकारी संस्थाहरुले तपसिलको रित र शर्त पूरा गरी प्रस्ताव पेश गर्नु हुन यो सूचना जारी गरिएको छ । सामाजिक विकास मन्त्रालयको कार्यविधि बमोजिम संस्था छनौट गर्ने अधिकार सी.बी.आर. कार्यक्रम सञ्चालन समितिलाइ हुनेछ ।

तपसिल

**१) दरखास्त साथ बुझाउनुपर्ने कागजात र संस्थाको योग्यता**

(क) संस्थाको विधानमा सबै अपाङ्गता भएका व्यक्तिका लागि काम गर्ने उद्देश्य भएको अपाङ्गता भएका व्यक्तिबाट सञ्चालित संस्था हुनु पर्ने ।

(ख) अभिभावकहरुको संस्थाको हकमा बौद्धिक अपाङ्गता,अटिजम,श्रवण दृष्टिविहिन,डाउन सिन्ड्रोम र बहु अपाङ्गता भएका व्यक्तिका अभिभावकको संस्था हुनु पर्ने ।

(ग) संस्था दर्ता ,सूचिकृत , समाज कल्याण परिषदको आबद्धता पत्र ,नविकरण ,विधान,संस्थाको आफ्नो कार्यालय र आधिकारिक सम्पर्क नम्बर,इमेल ठेगाना भएको हुनुपर्ने ।

(घ) अपाङ्गता क्षेत्रमा कम्तीमा २ बर्ष काम गरेको अनुभव र नियमित लेखा परिक्षण गरेको हुनु पर्ने ।

**२) कार्यक्रमका प्राथमिकताहरु :-**

(क) कुल अनुदानको पचहत्तर प्रतिशत रकम अपाङ्गता भएका व्यक्तिहरुका लागि प्रत्यक्ष लाभ हुने क्षमता विकास , सिप विकास, सहायक सामाग्री लगायतका कार्यक्रममा सहयोग गर्नुपर्ने ।

(ख) कुल अनुदानको पन्ध्र प्रतिशत रकम अपाङ्गता अधिकार,कानूनी व्यवस्था ,प्रचार प्रसार लगायतका क्षेत्रमा उपयोग गर्नुपर्ने ।

(३) प्रशासनिक खर्चका लागि कुल अनुदानका पाँच प्रतिशत रकम मात्र खर्च गर्नुपर्ने ।

५)सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुका लागि लाभ दिने खालका कार्यक्रम सञ्चालन गर्नु पर्ने ।

६) बजेट तथा कार्यक्रम :-

| क.स. | कार्यक्रमको शिर्षक | बजेट रकम | कार्यक्रम सम्पन्न गर्ने समय | कैफियत |
|---|---|---|---|---|
| १. | समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम | २,८५,०००। | २०८१ । जेष्ठ मसान्त सम्म | |

ज्ञानेन्द्र प्रसाद भट्ट
प्रमुख
सामाजिक विकास महाशाखा